# उर्लाबारी नगरपालिका

# स्थानीय राजपत्र

खण्ड : ६ सङ्ख्या : ५ मिति : माघ २४, २०८०


## भाग - १

## उर्लाबारी नगरपालिका, मोरङ

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी उर्लाबारी नगरपालिकाबाट सर्वसाधारणको जानकारीका लागि यो राजपत्र प्रकाशन गरीएको छ ।

## आर्थिक (पहिलो संशोधन) ऐन, २०८०

नगर सभाबाट स्वीकृत मितिः २०८०।१०।२३

उर्लाबारी नगरपालिकाको आर्थिक ऐन, २०८० लाई संशोधन गर्न वाञ्छनीय भएकोले, उर्लाबारी नगरपालिकाको नगर सभाले देहायको ऐन बनाएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "आर्थिक (पहिलो संशोधन) ऐन, २०८०" रहेकोछ ।

(२) यो ऐन स्थानीय राजपत्रमा प्रकाशन भए पश्चात प्रारम्भ हुनेछ ।

**२. उर्लाबारी नगरपालिकाको आर्थिक ऐन, २०८० को अनुसूची ११ मा संशोधनः** उर्लाबारी नगरपालिकाको आर्थिक ऐन, २०८० (यसपछि "मूल ऐन" भनिएको) को अनुसूची-११ मा देहायको बुँदा नं. १२ को शुल्क तथा दस्तुर र जरिवाना सम्बन्धी व्यवस्था थप गरिएको छ ।

**१२) शुल्क तथा दस्तुर र जरिवानाः**

| सि.नं. | विवरण | आ.व २०८०/०८१ का लागि | कैफियत |
|---|---|---|---|
| १. | ई-रिक्सा जाँचपास शुल्क | रु. २००।० | |
| २. | ई-रिक्सा नामसारी दस्तुर | रु. ३००।० | |
| ३. | गैर आवासिय नागरिकता प्रमाणपत्र सिफारिस दस्तुर | रु. ५०००।० | |
| **ई-रिक्सा जाँचपास म्याद नाघेमा जरिवाना वापतः** | | | |

| | | | |
|---|---|---|---|
| १. | पहिलो हप्तासम्म | जरिवाना नलाग्ने | |
| २. | दोस्रो हप्तासम्म | रु. १००।० | |
| ३. | दोस्रो हप्ता पश्चात प्रति हप्ता | रु. १००।० | |
| **कृषक समूह नवीकरण जरिवाना वापतः** | | | |
| १ | प्रति वर्ष | रु. १००।० | |
| **नगरपालिकाले तोकेको क्षेत्रबाहेक पार्किङ्ग गरी नियम उल्लङ्घन गर्ने सवारी साधनलाई जरिवानाः** | | | |
| १. | साईकल | रु. ५०।० | |
| २. | दुई पाङ्ग्रे (मोटरसाईकल), अपाङ्गता भएका व्यक्तिले प्रयोग गर्ने तीन पाङ्ग्रे सवारी साधन | रु. १००।० | |
| ३. | तीन पाङ्ग्रे | रु. २००।० | |
| ४. | चार पाङ्ग्रे (साना) | रु. ३००।० | |
| ५. | चार पाङ्ग्रे (ठूला) | रु. ५००।० | |
| उल्लेखित कसुर दोहोराएमा पटकै पिच्छे जरिवाना रकम क्रमशः दोब्बर, तेब्बर हुदै जाने । | | | |
| **नगर क्षेत्रमा सार्वजनिक स्थलमा जथाभावी फोहोरमैला गरिएको पाइएमा जरिवाना** | | | |

| | | | |
|---|---|---|---|
| वापत | | | |
| १. | पहिलो पटक | रु. २००।० | |
| उल्लेखित कसुर दोहोराएमा पटकै पिच्छे जरिवाना रकम क्रमशः दोब्बर, तेब्बर हुदै जाने । | | | |

## हल प्रयोगको भाडा दरः

| क्र.सं. | हलको किसिम | प्रयोगकर्ता | प्रति दिन |
|---|---|---|---|
| १ | तेस्रो तलाको ठूलो हल | उर्लाबारी नगरपालिकाको शाखा/उपशाखाले सञ्चालन गर्ने तालिम/कार्यक्रम | १०००।० |
| २ | | अन्य संघ संस्था, समिति सबै | २०००।० (ए.सि प्रयोग गरेमा थप रु. २०००। लाग्ने) |
| ३. | तेस्रो तलाको सानो हल | उर्लाबारी नगरपालिकाको शाखा/उपशाखाले सञ्चालन गर्ने तालिम/कार्यक्रम | ५००।० |
| ४. | | अन्य संघ संस्था, समिति सबै | १०००।० |

३. **"मूल ऐन" को दफा १२ मा संशोधनः** मूल ऐनको दफा १२ पछि देहायको दफा १२ (क) को व्यवस्था थप गरिएको छ ।

**१२.क जडीबुटी, कवाडी र जीवजन्तु करः** कुनै व्यक्ति वा संस्थाले उन, खोटो, जडीबुटी, वनकस, कवाडी माल प्रचलित कानूनले निषेधित गरेको बाहेकका जीवजन्तुको हाड, सिंग, प्वाँख, छाला वा यस्तै प्रकृतिको वस्तुको व्यवसायिक उपयोग गरे वापत अनुसूची-१२ बमोजिम जडीबुटी, कवाडी र जीवजन्तु कर लगाइने र असूल उपर गरिनेछ ।

४. **"मूल ऐन" को अनुसूचीमा संशोधनः** मूल ऐनको अनुसूची-११ पश्चात देहायको अनुसूची-१२ को व्यवस्था थप गरिएको छ ।

अनुसूची-१२

## जडिबुटी, कवाडी र जीवजन्तु करः

| क्र.सं. | कवाडी वस्तुको नाम | दररेट रु. |
|---|---|---|
| १. जस्ताको तस्तै पुन प्रयोग गर्न सकिने कवाडी मालसामानहरु | | |
| (क) | सिसाको बोतल प्रति गोटा | |
| | बियर बोतल | ०.५० |
| | मदिरा वा अन्य बोतल ५०० मलभन्दा माथि प्रति गोटा | ०.२५ |
| | मदिरा वा अन्य बोतल ५०० मलभन्दा तल प्रति गोटा | ०.२० |
| (ख) | खाली बोरा | |
| | ५० केजी सम्मको खाद्यान्न अट्ने प्लाष्टिक बोरा | ०.२५ |
| | ५० केजी भन्दा बढीको खाद्यान्न अट्ने प्लाष्टिक बोरा | ०.५० |
| | ५० केजी सम्मको खाद्यान्न अट्ने जुट बोरा | १.०० |
| | ५० केजी भन्दा बढीको खाद्यान्न अट्ने जुट बोरा | १.२५ |
| (ग) | तेलको टिन र केमिकलका ड्रम | |
| | २० लिटर सम्म अट्ने टिन प्रति गोटा | ०.५० |
| | २० लिटर भन्दा बढिका टिन प्रति गोटा | १.०० |
| (घ) | पुन रिसाईक्लिङ्ग गरी प्रयोग हुन सक्ने वस्तुः | |
| | प्लाष्टिकको सामग्री प्रति केजी | ०.५० |
| | प्लाष्टिकका बोतल प्रति केजी | ०.५० |
| | भाडाकुडा जुत्ता चप्पल जर्किन ग्यालेन प्रति केजी | ०.५० |
| | पोलिथिन पाईपका टुक्राहरु प्रति केजी | ०.५० |

| | | |
|---|---|---|
| | झुत्रो जुट वा प्लाष्टिकको बोरा, प्लाष्टिकको झोला र प्याकेट प्रति केजी | ०.५० |
| **(ङ)** | **टायर प्रति गोटा** | |
| | ट्याक्टरको ठूलो टायर प्रति गोटा | २०.०० |
| | गाडी टायर प्रति गोटा | १०.०० |
| (च) | पुरानो ब्याट्री प्रति केजी | १.०० |
| | धातुजन्य सामग्री प्रति केजी | १.०० |
| | स्टिलजन्य सामग्री प्रति केजी | ०.५० |
| | थोत्रो टिन जस्ता प्रति केजी | ०.५० |
| | फलाम र पुरानो मेसिन प्रति केजी | १.०० |
| | फलामको धुलो आईरन डस्ट प्रति केजी | ०.२० |
| | तामा पित्तल प्रति केजी | ३.०० |
| | सिसा लिडको धुलो वा टुक्रा काँचको धुलो प्रति केजी | ०.२० |
| | जलेको मोबिल प्रति लिटर | ०.५० |
| (छ) | कागजजन्य वस्तु | |
| | काठ प्रति क्यून्टल | १०.०० |
| | दाउरा प्रति क्यून्टल | ५.०० |
| | पुरानो घर भत्केको ईटा प्रति हजार | ३०.०० |
| | अन्य काजगात अखबार कार्टुन र कापी किताब | १.०० |
| (ज) | प्रचलित कानूनले निशेध गरेका मृत जिवनजन्तुः | |
| | हास, कुखुरा पछिको प्वाख प्रति केजी | १.०० |

| | | |
|---|---|---|
| | हाड प्रति केजी | १.०० |
| | सिङ प्रति केजी | १.०० |
| | खुर प्रति केजी | १.०० |
| | छाला ठूलो गोरु भैसी राँगा प्रति गोटा | ३०.०० |
| | छाला सानो खसी, पाडा, बाख्रा, बोका प्रति गोटा | १५.०० |
| २ | जडिबुटी | २.०० |
| | बेल (केजी) | १.०० |
| | कुरिलोका जरा (केजी) | १.५० |
| | तितेपाती (केजी) | १.५० |
| | अमला (केजी) | ३.०० |
| | च्याउ (केजी) | १.०० |
| | अदुवा (केजी) | ०.१० |
| | सुकेको हर्दी (केजी) | १.०० |
| | काँचो हर्दी (केजी) | ०.२५ |
| | पानको पात (टोकरी) | १.०० |
| | सुपारी काँचो प्रति केजी | ०.५० |
| | सुपारी सुकेको प्रति केजी | ५.०० |
| | ब्रानको तेल प्रति लिटर | १.०० |
| | मह प्रति किलो | १.०० |
| ३ | वनकस | |
| | छवाली (प्रति टयाक्टर) (ट्रकमा दोब्बर) | ५०.०० |

| | | |
|---|---|---|
| | खर, पराल (प्रति ट्याक्टर) (ट्रकमा दोब्बर) | ५०.०० |
| | सिसौ, साल, गोलिया चिरान वन कार्यालयको चलानीका आधारमा प्रति ट्रक | १०००.०० |
| | अन्य काठ चिरान दाउरा चट्टा प्रति ट्रक | २००.०० |
| | प्लाईबोर्ड प्रति ट्रक | ५००.०० |
| अन्य वर्गिकरण नखुलेका हकमा नगरपालिकाले निर्णय गरी रु. ०.२५ देखि रु. १००.० सम्म तोक्न सक्नेछ । | | |
| नोटः ४० माईक्रोन भन्दा कमका प्लाष्टिक पेपर र फुटेका टुक्रा सिसाहरुमा कवाडी कर लिईने छैन । | | |

**आज्ञाले,**

**अर्जुन निरौला**

**प्रमुख प्रशासकीय अधिकृत**

*मूल्य रु. १०/-*